# काठमाडौं महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# अर्ध वार्षिक प्रगति समीक्षा प्रतिवेदन

## आर्थिक वर्ष २०८१।८२

योजना अनुगमन तथा मूल्यांकन एकाई

२०८१ माघ ३० गते बुधबार

**प्रगति समीक्षा बैठक सम्पन्न**

काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्ष २०८१।०८२ को अर्ध वार्षिक प्रगति समीक्षा बैठक मिति २०८१।१०।३० मा काठमाडौं प्लाजा, कमलादीस्थित कार्यालयको बैठक हलमा प्रमुख श्री बालेन्द्र शाहको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा उप प्रमुख श्री सुनिता डंगोल, निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री नुरनिधि न्यौपाने सहभागी हुनुभयो । विभिन्न २४ विभागका विभागीय प्रमुख बैठकमा सहभागी हुनुभयो । त्यसैगरी, विभिन्न महाशाखा प्रमुख र अन्य कर्मचारीको उपस्थिति रहेको थियो ।



योजना, अनुगमन तथा मूल्यांकन एकाई प्रमुख श्री सुमित्रा लामिछाने सुवेदीले अर्ध वार्षिक प्रगति समीक्षाको प्रस्तुति गर्नुभएको थियो । यसमा महानगरपालिकाको समग्र वित्तीय अवस्थाको तथ्यांक, विभागगत वित्तीय र भौतिक प्रगतिको तथ्यांक, विभागगत प्रमुख क्रियाकलाप र बजेट कार्यान्वयन तथा अन्य सेवा प्रवाहमा कठिनाइ भएका विषय र समाधानका उपायहरु समावेश गरिएको छ ।

काठमाडौं महानगरपालिकाका प्रायः सबै विभागले वार्षिक बजेट कार्यक्रम कार्यान्वयनको साथै नियमित सेवा प्रवाहको कार्य गर्दछन् । बैठकमा बजेट विनियोजन भई प्रभावकारी ढंगले अघि बढ्न नसकेका बजेट कार्यक्रमलाई अब कसरी सुचारु गर्ने भन्ने विषयमा छलफल गरियो । त्यस्तै, नियमित सेवा प्रवाहलाई कसरी अझ सहज बनाउने भन्ने विषयमा छलफल गरिएको थियो ।

**समग्र वित्तीय अवस्था**

चालू आर्थिक वर्ष २०८१।०८२ मा काठमाडौं महानगरपालिकाले २४ अर्ब ९० करोड ६३ लाख २५ हजार रुपैयाँको बजेट स्वीकृत गरेको छ । चालू आर्थिक वर्षको ७ महिनामा १९ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । करिब १ महिनादेखि काठमाडौं महानगरपालिकामा आर्थिक अधिकारसहितको

प्रमुख प्रशासकीय अधिकृत नहुँदा वित्तीय प्रगतिमा असर देखिएको छ । भुक्तानीका लागि तयार भएका फाइलसहित अनुमान गर्दा वित्तीय प्रगति २६ प्रतिशत हुने देखिन्छ ।



चालू आर्थिक वर्षमा कूल राजश्व अनुमान १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रहेको छ । ७ महिनामा ४६ प्रतिशत राजश्व असुली भएको छ । आन्तरिक आयतर्फ ८ अर्ब ३५ करोड ७९ लाख रुपैयाँ लक्ष्य राखिएको छ । लक्ष्यको ४५ प्रतिशत असुली भएको छ ।

नक्शा पास दस्तुरको लक्ष्यको तुलनामा प्रगति अत्यन्त न्यून देखिएको छ । १ अर्ब ५ करोड रुपैयाँ लक्ष्य राखिएको थियो । ७ महिनामा १९ प्रतिशत अर्थात २० करोड १८ लाख रुपैयाँ मात्र असुली भएको छ । गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा नक्सा पास र निर्माण सम्पन्न लिनेको संख्या एक तिहाइभन्दा बढीले कमी आएको देखिएको छ ।

**विभागगत प्रगतिको विश्लेषण**

काठमाडौं महानगरपालिकाका २४ विभागमा २० अर्ब ३६ करोड ६२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यसमा करिब १९ प्रतिशतको वित्तीय प्रगति देखिएको छ । ३२ वटा वडा कार्यालयमा ४ अर्ब ३६ करोड रुपैयाँ विनियोजन भएको छ । यसमा १६.५ प्रतिशत वित्तीय प्रगति भएको छ ।



कूल २४ विभागमध्ये १२ वटा विभागमा ९५ प्रतिशत बजेट विनियोजन भएको छ । बाँकी १२ विभागमा ५ प्रतिशत विनियोजन भएको छ । सबैभन्दा बढी बजेट विनियोजन भएको विभाग सार्वजनिक निर्माण विभाग हो । यसमा २६ प्रतिशत विनियोजन

भएको छ । दोस्रो ठूलो विभाग प्रशासन विभाग हो । यसमा प्रशासनिक र कार्यालय सञ्चालनको बजेट रहेको छ । यस विभागको बजेट १८.५ प्रतिशत रहेको छ । त्यस्तै सम्पदा तथा पर्यटन विभागमा ११ प्रतिशत, शिक्षा विभागमा १० प्रतिशत, वातावरण व्यवस्थाप विभागमा ५.५ प्रतिशत, स्वास्थ्य विभागमा ३.७३ प्रतिशत, सामाजिक विकास विभागमा ३.२१ प्रतिशत र सूचना प्रविधि विभागमा २.७७ प्रतिशत विनियोजन भएको छ ।

कार्यक्रमहरुको भौतिक लक्ष्य निश्चित एकाइमा एकीन गर्न नसकिएको कारण धैरै विभागबाट भौतिक प्रगतिको मापन गर्न सकिएको छैन । तथापि टेण्डर प्रक्रियाबाट उल्लेख्य बजेट बचत हुने हुँदा वित्तीयको तुलनामा स्वभाविक रुपले भौतिक प्रगति उच्च हुने गर्दछ । आगामी बजेट तर्जुमाको क्रममा भौतिक लक्ष्य स्पष्ट गरी कार्यक्रममा बजेट विनियोजन गर्ने गरी तयारी गर्नुपर्नेमा बैठकमा जोड दिइयो ।

**कार्यक्रम तालिका**

स्थानः काठमाडौ महानगरपालिका, बोर्ड हल, काठमाडौं प्लाजा।

मितिः २०८१।१०।३०

समयः दिनको १२:०० देखि २:०० बजेसम्म

| | | |
|---|---|---|
| १ | उपस्थिति दर्ता | १२:००-१२:१० |
| २ | आसन ग्रहण अध्यक्षता | १२:१०-१२:१५ |
| ३ | स्वागत मन्तब्य तथा कार्यक्रममा प्रकास | १२:१५-१२:२० |
| ४ | महानगरपालिका र विभागगत प्रगति समीक्षाको प्रस्तुती | १२:२०-१:२० |
| ५ | छलफल, अन्तरकृया र प्रश्नोत्तर | १:२०-१:३५ |
| ६ | प्रमुख प्रशासकीय अधिकृतबाट मन्तव्य | १:३५-१:४० |
| ७ | उप प्रमुखबाट निर्देशन मन्तव्य | १:४०-१:५० |
| ८ | प्रमुखबाट निर्देशन । समीक्षा कार्यक्रम समापन | १:५०-२:०० |
| ९ | हाइ टी | २:००-२:१५ |

# काठमाडौं महानगरपालिका

## आर्थिक वर्ष २०८१।०८२

## अर्ध वार्षिक समीक्षा बैठक

मिति २०८१।१०।३० गते

अपरान्ह १२:०५ बजे

काठमाडौं प्लाजा, कमलादी

# काठमाडौं महानगरपालिका

## आर्थिक वर्ष २०८१।०८२

## अर्ध वार्षिक समीक्षा

मिति २०८१।१०।३० गते

योजना, अनुगमन तथा मूल्यांकन एकाइ
काठमाडौं महानगरपालिका

## प्रस्तुतीको रुपरेखा

- महानगरपालिकाको समग्र वित्तीय र भौतिक प्रगति
- विभागगत प्रगतिको विवरण
- समस्या
- समाधानका उपाय

## समग्र वित्तीय प्रगति (2081.10.24 सम्मको तथ्यांक)

| क्रसं | शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कूल बजेट | २४ अर्ब ९० करोड ६३ लाख २५ हजार | ४ अर्ब ५७ करोड ६३ लाख | १८.३७ |
| २ | चालू बजेट | ९ अर्ब ७३ करोड ६८ लाख | २ अर्ब ५५ करोड १३ लाख | २६.२ |
| ३ | पुँजीगत बजेट | १५ अर्ब ४१ करोड ८५ लाख | २ अर्ब २ करोड ५० लाख | १३.४५ |
| ४ | वित्तीय व्यवस्था | १२ करोड | ० | ० |
| ५ | वडा बजेट | ४ अर्ब ३६ करोड | ७२ करोड | १६.५ |

# क्षेत्रगत वित्तीय प्रगति (2081.10.24 सम्मको तथ्यांक)

| क्र.सं. | क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७४ अर्ब ५८ करोड ८१ हजार | १८ करोड ९० लाख | २५.३४ |
| २ | सामाजिक विकास | ५ अर्ब ३३ करोड ९२ लाख | ७२ करोड १९ लाख | १३.५२ |
| ३ | पूर्वाधार विकास | ११ अर्ब ३८ करोड २४ लाख | १ अर्ब ६४ करोड ५४ लाख | १४.४६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३ अर्ब २४ करोड २७ लाख | ३१ करोड ९० लाख | ९.८४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४ अर्ब १९ करोड ६२ लाख | १ अर्ब ७० करोड १० लाख | ४०.५४ |
| | कुल जम्मा | २४ अरब ९० करोड ६३ लाख २५ हजार | ४ अर्ब ५७ करोड ६३ लाख | १८.३७ |

# समग्र राजश्व लक्ष्य र प्रगति (2081.10.29 सम्मको तथ्यांक)

| क्रसं | शीर्षक | लक्ष्य | संकलन | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | कूल राजश्व | १२ अर्ब ९० करोड ६३ लाख २५ हजार | ५ अर्ब ९३ करोड ८४ लाख | ४६ |
| २ | आन्तरिक आय | ८ अर्ब ३५ करोड ७९ लाख | ३ अर्ब ५९ करोड २३ लाख | ४४.७७ |
| ३ | बाँडफाँटबाट प्राप्त राजश्व | २ अर्ब ५० करोड २७ लाख | ९७ करोड ६९ लाख | ३९ |
| ४ | समानीकरण अनुदान | ७ अर्ब ७० करोड | ३ अर्ब ६१ करोड २१ लाख | ४६.९१ |
| ५ | सर्शत अनुदान | १ अर्ब ५९ करोड | १ अर्ब | ६३ |

# विभागगत प्रगति विवरण

| क्र.सं. | विभागको नाम | बजेट भार | विनियोजन | खर्च रकम | खर्च % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| 1 | सार्वजनिक निर्माण विभाग | 26.38 | 5372730000 | 777954543 | 14.48 | N/A |
| 2 | प्रशासन विभाग | 18.51 | 3769539809 | 1501145379 | 39.82 | N/A |
| 3 | सम्पदा तथा पर्यटन विभाग | 11.90 | 2422734500 | 271985814 | 11.23 | N/A |
| 4 | शिक्षा विभाग | 10.10 | 2056297000 | 141539817 | 6.88 | N/A |
| 5 | संघीय सशर्त अनुदान | 7.57 | 1542460500 | 444758194 | 28.83 | N/A |
| 6 | वातावरण व्यवस्थापन विभाग | 5.48 | 1115600000 | 122348145 | 10.97 | 18 |
| 7 | स्वास्थ्य विभाग | 3.73 | 760466000 | 122319178 | 16.08 | 25 |
| 8 | सामाजिक विकास विभाग | 3.21 | 654625191 | 37374441 | 5.71 | 10 |
| 9 | सूचना तथा प्रविधि विभाग | 2.66 | 542000000 | 34483439 | 6.36 | 8 |
| 10 | हरियाली प्रवर्द्धन आयोजना | 2.17 | 441428000 | 49711397 | 11.26 | 47 |
| 11 | हनुमानढोका दरवार क्षेत्र संरक्षण | 1.39 | 282592000 | 100000000 | 35.39 | 36 |
| 12 | वित्त विभाग | 1.15 | 233579000 | 108677058 | 46.53 | N/A |
| 13 | महानगर प्रहरी बल | 1.12 | 228613000 | 23398791 | 10.24 | N/A |

# ......... विभागगत प्रगति विवरण

| क्र.सं. | विभागको नाम | बजेट भार | विनियोजन | खर्च रकम | खर्च % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| 14 | सहरी व्यवस्थापन विभाग | 0.97 | 198495000 | 510362 | 0.26 | N/A |
| 15 | विपद व्यवस्थापन विभाग | 0.94 | 192400000 | 34161767 | 17.76 | N/A |
| 16 | कानून तथा मानव अधिकार विभाग | 0.91 | 185080000 | 6695810 | 3.62 | N/A |
| 17 | शहरी योजना आयोग | 0.70 | 141800000 | 23418975 | 16.52 | N/A |
| 18 | कृषि, पशुपंछी विभाग | 0.33 | 67600000 | 9270481 | 13.71 | N/A |
| 19 | प्रदेश सशर्त अनुदान | 0.23 | 47380000 | 5613529 | 11.85 | N/A |
| 20 | सार्वजनिक निजी साझेदारी एकाइ | 0.17 | 35200000 | 961480 | 2.73 | 39.42 |
| 21 | सहकारी विभाग | 0.15 | 31500000 | 985000 | 3.13 | N/A |
| 22 | राजश्व विभाग | 0.11 | 23204000 | 885500 | 3.82 | N/A |
| 23 | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | 0.04 | 9000000 | 2763990 | 30.71 | N/A |
| 24 | खरिद एकाइ | 0.02 | 4500000 | 0 | 0.00 | N/A |
| 25 | योजना अनुगमन तथा मूल्याङ्कन | 0.02 | 4400000 | 785562 | 17.85 | 20 |
| 26 | आन्तरिक लेखापरीक्षण एकाइ | 0.01 | 3000000 | 974424 | 32.48 | 50 |
| | **कुल जम्मा** | | **20366224000** | **3822723076** | **१८.७६** | **N/A** |

# प्रमुख उपलब्धी

## सार्वजनिक पूर्वाधारतर्फ

| क्रस | कार्य | एकाइ | परिमाण ०८०।०८१ | परिमाण ०८१।०८२ | जम्मा |
|---|---|---|---|---|---|
| १ | सडक कालोपत्रे गर्ने कार्य | कि.मी. | ४०.६६ | ४०.०४ | ८०.७० |
| २ | सडक ढलान गर्ने कार्य | कि.मी. | १०.३२ | १.६४ | ११.९६ |
| ३ | ढल राख्ने कार्य | कि.मी. | १२.१६ | ३.०९ | १५.२५ |
| ४ | ब्लक छाप्ने कार्य | कि.मी. | ४१.३२ | २०.५७ | ६१.८९ |
| ५ | ढुंगा छाप्ने कार्य | ब.मी. | ८३४ | १०९५६ | ११७९० |
| ६ | रिटेनिङ वालको कार्य | कि.मी. | २.४१ | ०.२० | २.६१ |
| ७ | भवन निर्माण | वटा | १६ | ११ | २७ |
| ८ | पार्क निर्माण | वटा | ९ | ६ | १५ |
| ९ | घ वर्ग निर्माण व्यवसाय नविकरण | वटा | | १६४८ | १६४८ |
| १० | घ वर्गको निर्माण व्यवसाय दर्ता | वटा | | ९७ | ९७ |
| ११ | भवन निर्माण कार्य | वटा | | ११ | ११ |

# प्रमुख उपलब्धी

**सम्पदातर्फ**

- सम्पन्न भएका मुर्त सम्पदाहरु - २४ वटा
- सम्पन्न अमुर्त कार्यक्रमहरु - २६ वटा
- उपभोक्ता मार्फत निर्माणाधीन आयोजनाहरु - ७७ वटा
- बोलपत्र ठेक्का मार्फत निर्माणाधीन आयोजनाहरु - ३२ वटा
- खरिद प्रक्रियामा रहेका आयोजनाहरु - १५ वटा
- DPR /Drawing तयार भैरहेका योजनाहरु - ११५ वटा
- ५ वटा वडामा पुरातात्विक स्थानहरुको मौलिक नाम अभिलेखीकरण
- AR, VR, QR Content Development – (स्वयम्भु, पशुपति, हनुमानढोका र हाँडीगाउँ)
- ४६६ वटा मन्दिरहरु र ८१ वटा ढुंगेधाराहरुको सरसफाई भएको
- २५ वटा मन्दिर, गुम्बा, ढुंगेधारा र पोखरीको रंगरोगन गरिएको
- ढुंगेधारा तथा हितीहरुको स्रोत तथा निकासा खोज्ने काम गरिएको

# .......... प्रमुख उपलब्धी

## कानुन तर्फ

| क्रसं | विषय | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | अर्ध वार्षिक जम्मा |
|---|---|---|---|---|
| १ | उजुरी/विवाद/निवेदन दर्तातर्फ | | | |
| | क मुद्दा शाखा गत वर्षसम्मको अल्या सहित | 93 | 20 | 113 |
| | ख. न्यायिक समिति फाँट शाखा | 128 | 59 | 187 |
| २ | प्रमुखज्यूको इजालसमा पेश भएको विवाद संख्या | 16 | 20 | 36 |
| ३ | न्यायिक समितिको इजालसमा पेश भएको विवाद संख्या | 57 | 59 | 116 |
| ४ | निर्णय भएको जम्मा विवाद संख्या (अर्धवार्षिक जम्मा) सबै | **35** | **56** | **91** |
| | क. न्यायिक समितिको इजालसबाट भएको | 17 | 44 | 61 |
| | ख. प्रमुखको इजालसबाट भएको | 18 | 12 | 30 |

# .......... प्रमुख उपलब्धी

## सहरी व्यवस्थापनतर्फ

१.बल्खु खोला, जडिबुटी-पेप्सीकोला सडक, रातोपुल- गौशाला सडक, चाबहिल चोक - गौशाला चोक सडक सिमांकन गर्ने कार्य सुरु गरेको |

२. का. म.पा. भित्रका सार्वजनिक जग्गाको सिमाना छुट्याउने कार्य भएको |

३. नक्सा स्वीकृत संख्या - ६१५

४. निर्माण सम्पन्न संख्या - ११८९ (अभिलेखीकरण ५२० समेत)

५. ३६ ठाउँमा pilicon crossing राखी विद्यार्थी र अन्य पैदलयात्रीलाइ सहजीकरण भएको ।

६. २१३ ठाउँको Bus Stop and Pick and Drop Point पहिचान गरी GIS नक्सा तयार भएको ।

# .......... प्रमुख उपलब्धी

**वातावरण व्यवस्थापनतर्फ**

- निजी क्षेत्रबाट फोहरमैला संकलन र ढुवानी गर्न वोलपत्र आव्हानबाट २ क्षेत्रमा सम्झौताको क्रममा रहेको र ४ वटा क्षेत्रमा वोलपत्र मूल्यांकनको क्रममा रहेको ।
- ७ क्षेत्रमा मेटेरियल रिकभरी सुविधा सञ्चालन गर्न आय ठेक्का बन्दोबस्त अन्तर्गत ५ क्षेत्रको सम्झौताको क्रममा र २ क्षेत्रकौ पुन: सूचना प्रकाशनमा रहेको ।
- टेकू बाहेक ६ ठाउँमा स्थानान्तरण केन्द्र बनाउन जग्गा पहिचान भई वोलपत्रको क्रममा रहेको ।
- टेकु र बन्चरे डांडामा सुख्खा फोहोर पृथकीकरण गरी बिक्री गर्न सेवा प्रदायक छनौट भइसकेको।
- प्लाज्मा प्रविधिवाट फोहरलाई खरानी बनाउने इन्सिरनेटर जापानबाट प्राप्त भई सञ्चालन गरेको ।
- २२ वटा स्वास्थ्य संस्थाको स्वास्थ्यजन्य फोहरमैलाको अनुगमन भई कानूनी दायरामा ल्याइएको ।
- १६ स्थानमा वायु प्रदुषण मापन यन्त्र जडान गरी प्रदुषणको अवस्था निगरानी गरिएको ।
- नदी किनारा सरफाईबाट -1639 टन र ब्रुमरबाट सरफाई गरी – 300 टन साथै टेकु ट्रान्स्फर स्टेशनबाट -3149 टन धुलो संकलन गरेको ।
- रानी पोखरी, रत्नपार्क, शंखपार्क, पुष्पलाल पार्क १८ वडा, बालाजु पार्क, बन्चरे डाँडा, टेकु ट्रान्सफर स्टेशनमा मल बनाउने कार्य गरेको ।
- बन्चरे डाँडामा पुष मसान्तसम्ममा ५५० टन गल्ने फोहरको मल बनाउने कार्य भएको ।

# .......... प्रमुख उपलब्धी

<u>सूचना प्रविधितर्फ</u>

- सूचना प्रविधि विभागले सेवा केन्द्रहरुमा विभिन्न प्रकारका ७३१ पटक सेवा दिएको ।
- Office Automation अन्तरगत E Office सञ्चालनमा (टिप्पणी, दर्ता चलानी अनलाईन)
- ४७८ वटा डिजिटल सिग्नेचर प्रयोगमा ल्याएको (EBPS, E-Office र सिफारिस)
- ८५ वटा सेवा केन्द्रलाई ईन्ट्रानेट मार्फत जोडिएको ।
- महानगरले देख्छ गौरवको योजना अन्तरगत सि.सि.टिभी क्यामेरा जडान गर्न फाईबर नेटवर्कका लागि नेपाल टेलिकमको नेटवर्क प्रयोग गर्न सहमती सहित निर्णय भएको ।
- महानगरपालिकामा संचालित प्रणालीहरुको Vulnerability Assessment and Penetration Testing VAPT खरिद प्रक्रियामा रहेको ।

# प्रमुख उपलब्धी

**अन्य**

- सहरी योजना आयोगबाट कूल ८१ करोड ८१ लाख बराबरका ५३ वटा परियोजनाको डीपीआर तयार भएको र ७४ वटा तयार हुँदै गरेको ।
- १० करोडभन्दा माथिको १५ वटा, १० करोडसम्मको २१ वटा, मालसामानको ५१ वटा र वडा कार्यालयका १४ वटा खरिद सम्बन्धी सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता लगायत अन्य कार्य सम्पन्न भएको।
- सार्वजनिक निजी साझेदारी एकाइबाट ७ वटा सार्वजनिक शौचालयको व्यवस्थापन भइरहेको, निजी क्षेत्रसँग सहकार्य गरी शौचालयको संख्या बढाउन प्रयास भइरहेको ।
- सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माणाधीन काठमाडौं टावरको नक्शा पास प्रकृयाबारे छानविन कार्य भइरहेको ।
- आय तर्फको बेरुजु फछ्यौंटको लागि सहजीकरण समूह गठन गरी वडामा खटाइएको कारण १० प्रतिशत प्रतिशत बेरुजु फछ्यौंट भएको ।
- ठूला करदातालाइ लक्षित गरी कर तिर्न ताकेता गरिएको, करको दायरमा नआएका सरकारी संस्थागत करदातासँग सम्पर्क गरी करको दायरामा ल्याइएको ।

# .......... प्रमुख उपलब्धी

<u>**अन्य**</u>

- एकल सेवा केन्द्रबाट विद्युतीय दर्ता गरि सम्बन्धित विभागमा पठाइएको - ९६०९ वटा।
- सोधपुछ मार्फत सहजिकरण गरिएको – १५००० वटा ।
- First aid, स्तनपान तथा आकस्मिक सेवा उपलब्ध गराइएको - ४६५ वटा ।
- सेवाग्राहीहरुलाई चिया, कफि तथा पानीको सुविधा उपलब्ध गराइएको ।
- दोभासेको व्यवस्था सहित माग बमोजिमको सेवा प्रदान गरिएको
- ३० जना भारी सावारी चालकहरु करार सेवामा पदपूर्ति गरिएको ।
- ३३ जना करार/अस्थायी कर्मचारीहरुलाई स्थायी गरिएको ।
- सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका लागि सेवा करारमा पदपूर्ति गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- श्रम बैकबाट ६०० जनालाइ रोजगारी, थप ४ जनालाइ निजीबाट ।

# ......... प्रमुख उपलब्धी

- LISA मा ८२.८० अंक प्राप्त ।
- प्रशासन सुधार समिति गठन गरी अध्ययन भइरहेको ।
- Urban plants को आपूर्ति सम्पन्न भएको |
- Plant Bank Nursary को निर्माण सम्पन्न भएको |
- सामुदायिक कुकर विरालो ११,६६५ वटामा एण्टी रेविज भ्याक्सिन लगाईएको र वन्ध्याकरण थालनी गरिएको ।
- ७११ वटा खाद्य सम्वन्धि संस्थाहरुमा अनुगमन भएको र रु ४ लाख ५० हजार असुल भएको ।
- खादय प्रविधि तथा गुण नियन्त्रण विभागसंग मोवाईल भ्यान प्रयोग सहकार्यको लागि पहल भई रहेको ।
- एग्रो पुलिङ कार्यविधि स्वीकृत भई कार्यन्वयनको चरणमा रहेको, कम्पनी खोल्ने प्रकृया शुरु भएको ।
- बाँदर वन्ध्याकरणका लागि तयारी शुरु गरेको ।

# ......... प्रमुख उपलब्धी

- खाद्य स्वच्छता मापन प्रयोगशाला स्थापनाका गरिएको
- फुड सेफ्टी बुट क्याम्प / प्रदर्शनी सहित पाँच चरणमा गरिएको
- पानीको भौतिक, रासायनिक र जैविक परिक्षण गरि व्यवसायीलाई समय समयमा सचेत गरिएको
- गत आर्थिक वर्ष सघन अनुगमन भएकामध्ये निर्देशन दिएको सहकारी संख्याः १५
- अनुगमन सूचकमार्फत गैरस्थलगत अनुगमन गरिएको सहकारी संस्थाको संख्याः १२
- कारवाहीको लागि प्रहरीमा पठाएको सहकारी संस्थाको संख्याः ११८
- उजुरी दिने बचतकर्ताहरुको संख्याः ६२६६ र दाबी रकम रुः ४ अर्ब ४९ करोड ४५ लाख ।
- ५९ विद्युतीय आगलागी, २ ग्याँस आगलागी र १२ अन्य आगलागी घटना नियन्त्रणमा लिइएको ।
- विपद व्यवस्थापन विभागबाट मात्र जोखिमपूर्ण ७५ रुख कटान गरिएको ।
- १२ वटा वडामा ड्राइ राइजर जडान गरिएको ।
- विद्यालयहरुमा ई हाजिरी डिभाइस, Book Free Friday, ल्याव निर्माण कार्य भइरहेको ।

# ....... प्रमुख उपलब्धी

- बालउद्धार कार्यदल र घटना व्यवस्थापन उपसमिति गठन
- चालू आवमा १७२ र हालसम्म १०७१ जनालाई अपाङ्गता परिचय पत्र वितरण
- निशुल्क अपाङ्गता सहायक सामाग्री वितरणका लागि राष्ट्रिय अपाङ्ग कोषसंग सम्झौता गरिएको
- यस आ.व मा ६३ वटा संस्था दर्ता र १५०४ वटा संस्था नवीकरणका लागि जि.प्र.का. लाई सिफारिस गरिएको
- एक वडा एक नमूना कार्यक्रमको अन्तरगत ११ वटा वडामा प्रारम्भिक छलफल, ७ वटा वडामा १३७ जनालाई उद्यमशिलता विकास तालिम संचालन गरिएको।
- सीप सिकेका उद्यमीहरुको उत्पादनलाई बजारसम्मको पहुँच गराउन ASPIRE VENTIRES नयाँ बानेश्वर एन बी सेन्टरसँग १ वर्षका लागि MOU गरिएको।
- काठमाडौका बिभिन्न स्थानमा संचालन भएका कार्यक्रमहरुमा सामाजिक विकास विभागको समन्वयमा उद्यमीहरुले स्टल राखी आफ्ना उत्पादन बिक्री गर्ने गरेको।
- स्वास्थ्य बिमा बिमित – ४५००० जना,१०८ जना सेवा करार मा छत्रपाटी नि:शुल्क चिकित्सालयबाट सम्झौताअनुसार यस आ.व मा जनप्रतिनिधि, जेष्ठ नागरिक र कर्मचारी गरी कुल ५७२४ पटक निशुल्क सेवा लिएका (रु ४२,६१,०४३)

# ....... प्रमुख उपलब्धी

| कारबाही | सख्या | जरिवाना रकम रु |
|---|---|---|
| सडक पेटी अतिक्रमण नियन्त्रण | 288 | 1217800 |
| अनधिकृत पार्किङ्ग नियन्त्रण | 10047 | 10047000 |
| फोहरमैला अनुगमन नियन्त्रण | 94 | 1397000 |
| प्रदुषण अनुगमन नियन्त्रण | 3 | 110000 |
| गाडा साइकल जफत | 263 | 12771800 |
| जम्मा | | 25543600 |

कूल जरिवाना रकम
२ करोड ५५ लाख

## समस्या र समाधानका उपाय

- एकल सेवा केन्द्रमा राखिएका प्रविधिक उपकरणमा समस्या दोहोरिरहनु।
- सेवा प्रवाहका लागि निर्माण भएको software ले पूर्ण जानकारी दिन नसक्ने साथै update पनि नहुनु ।
- e-office बाट सम्बन्धित विभागमा forward भएका document हरु सम्बन्धित विभागले नहेर्ने, हराउने हुँदा सेवाग्राहीको गुनासो बढिरहेको ।
- KMC app ले पूर्ण रुपमा जानकारी दिन नसक्दा सेवाग्राहीको गुनासो बढेको ।
- एकल सेवा केन्द्रको Office layout लाई व्यवस्थित बनाउन नसकिएको ।
- मूल ढोका Sensor based नहुँदा ध्वनि, धुवाँ, धुलो प्रदुषण तथा चिसोका कारण कर्मचारीलाई काम गर्न कठिन भएको ।
- कार्यविधिले तोके वमोजिम प्राथमिक उपचार केन्द्र, परामर्श कक्ष, स्तनपान कक्षलाइ यथोचित व्यवस्थित गर्न नसक्दा सेवा प्रवाह कठिन भएको ।
- एकल सेवा केन्द्रमा कर्मचारी व्यवस्थापन गर्दा ६/६ महिनाको चक्रीय प्रणालीमा सबै कर्मचारीलाई अनिवार्य खटाउन उपयुक्त हुने ।

## समस्या र समाधानका उपाय

- सार्वजनिक निजी साझेदारी एकाइ, स्वास्थ्य विभाग, सहरी व्यवस्थापन विभाग, अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय, सम्पदा विभाग, सहकारी विभाग, पार्क तथा हरियाली प्रवद्र्धन आयोजना र विपद व्यवस्थापन विभागमा दरबन्दिअनुसार जनशक्ति र सम्बन्धित विज्ञता भएको जनशक्ति अपुग रहेको।
- खरिद प्रक्रियासम्बन्धी कानूनी तथा नीतिगत अस्पष्टता हुँदा निर्णय लिँदा अन्योलता उत्पन्न हुने गरेको।
- खरिद क्लिनिक नहुँदा खरिद सम्बन्धी समस्या समाधानमा कठिनाई भएको।
- नेपाल सरकारभन्दा फरक दररेट हुँदा Cost Estimate मा नियमनकारी निकायबाट प्रश्न उठिरहेको।
- प्रतिस्पर्धाको अभावले खरिद लागत बढ्न सक्छ वा गुणस्तरहीन सामान तथा सेवाको आपूर्ति हुने।

## समस्या र समाधानका उपाय

- स्थानीय तथा अन्तर्राष्ट्रिय आपूर्तिकर्ताहरूसँग नियमित परामर्श तथा प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पुनः निर्माण हुने सम्पदा भत्काउन साइत हेरी तान्त्रिक र क्षमा पूजा गर्नुपर्ने हुँदा निर्माण कार्य प्रारम्भमा ढिलाई हुने ।
- पूर्व निर्णय नभई कार्यक्रम सहायता वा विकास अनुदानका कार्यक्रम शुरु हुने गरेको । (विकास सहायता कार्यविधिको पालना कमजोर)
- अनुदान शिर्षक अन्तर्गतका कार्यक्रमहरुमा स्वीकृत दररेट बमोजिमका कार्य नसमेटिने अवस्थामा लागत तथा मूल्याङ्कन गर्न समस्या हुने ।
- पीपीपी मोडेलमा संचालित ११ परियोजना कुनै न कुनै विवादमा हुनु ।
- अधिकांश पीपीपी परियोजनाहरुको महालेखा परीक्षकको प्रतिवेदनले सैद्धान्तिक बेरुजु औल्याएको ।

## समस्या र समाधानका उपाय


- स्वास्थ्य विभाग अन्तर्गतको Store Room को लागि स्थान अभाव।
- स्वास्थ्य सामाग्री ढुवानीको लागि सवारी साधानको अभाव ।
- तत्काल सरुवा सहमति, सेवा करारबाट स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्न उपयुक्त हुने।
- सामुदायिक भवनबाट स्वास्थ्य संस्था सञ्चालन गर्न उपयुक्त हुने ।
- Store Room को लागि घर भाडामा लिई सञ्चालन गर्न उपयुक्त हुने ।
- महानगरको प्रशासकीय भवनमा Store Room को व्यवस्थापन गर्न उपयुक्त हुने।
- सहकारी विभागमा संघ, प्रदेश र केन्द्रीय बैंक सँग समन्वय हुन नसकेको ।
- कामपाको आफ्नै आन्तरिक लेखापरीक्षण कार्यविधि नभएकोले आ. ले. प. कार्यमा छिटोछरितो र एकरुपता हुन नसकेको।
- शिक्षा विभागमा आर्थिक अधिकारसहितको विभागीय प्रमुख नहुँदा कार्यसम्पादनमा असर परेको ।

# समस्या र समाधानका उपाय

- कार्यालयमा स्वीकृत दरबन्दीसँग नमिल्ने गरी कर्मचारी कार्यरत रहेको ।
- कर्मचारीलाई उत्प्रेरणा, तालिम, सिकाइ वैदेसिक भ्रमण र छात्रवृत्तिको अवसर पर्याप्त नभएको ।
- एउटा विभागमा विनियोजित बजेट जानकारी बिना अन्य विभागबाट खर्च गरिदिने, एउटा विभागको जिम्मेवारीमा पर्ने काम अन्यत्रबाट गरिएको ।
- खर्च प्रणालीलाई Electronic Fund Transfer (EFT) मा पूर्णरुपमा आवद्य गर्न नसकिएको ।
- ७८ करोड रुपैयाँ पेश्की बाँकी रहेको, त्यसमा उपभोक्ता समितिको १४ करोड रहेको ।
- अनलाइन कर प्रणाली बारेमा करदाता लाई अपेक्षित रुपमा साक्षर बनाउन नसकिएको ।
- स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागु गर्नको लागि काठमाडौँ महानगरपालिकाको राजस्व अभिलेखलाइ Data Migration मा समस्या रहेको ।
- हनुमान ढोका दरबार क्षेत्रमा साँस्कृतिक जात्रा-पर्व लगायत कार्यक्रम आयोजना, निहित स्वार्थका कारण केही स्थानीयबाट अवरोध हुने, फोहोर, सडक मानव, ट्राफिक व्यवस्थापनका समस्या रहेको ।



Proposed Nagarprahari
Building




Balaju Barun Yantra, KMC-16



Ward -11



Ward -29







Teku, Transfer Marg black top

Concrete work at Transfer station.




Premix work




Asphalt concrete work from Maintenance





बानेश्वर चोकको फुटपाथ मर्मत।




खुलामञ्च भित्र फुटपाथ निर्माण।




बबरमहल स्थित आर्ट काउन्सिलको उत्तर तर्फको भित्ता।





हांडिगाउंका विभिन्न स्थानमा बनाईएका भित्तेचित्रहरू ।






हांडिगाउंका विभिन्न स्थानमा बनाईएका भित्तेचित्रहरू ।



सुन्धारा स्थित नेपाल टेलिकमको उत्तर तर्फको भित्ता।







प्रदर्शनीमार्गस्थित बाल्मीकी क्याम्पसको भित्ता।

धन्यवादः